# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७८।१२।१७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

लिखु तामाकोशी गाउँपालिका, रामेछापका अध्यक्षसमेतको मिलेमतोमा उक्त गाउँपालिका वडा नं. ४ विजुलिकोट, वडा नं. ५ नागदह र वडा नं. १ दुरागाउँमा विद्युतीकरण गर्न विद्युतीय सामानहरु खरिद गर्दा खरिद समिति नबनाई टेन्डर तथा सूचना जारी नगरी आफू अनुकुलको उपभोक्ता समिति गठन गरी उक्त कार्यको अनुगमन र प्राविधिक नापजाँच नगरी भुक्तानी दिई भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा लिखु तामाकोशी गाउँपालिका, रामेछापबाट आ.व. ०७४/०७५ र ०७५/०७६ मा वडा नं. ५ (साविक नागदह गा.वि.स. वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (साविक विजुलीकोट) केन्द्रीय प्रसारण लाईनको वरपरका वस्तीहरु समेतमा विद्युतीकरण योजनाहरु कार्यान्वयन गर्दा **लिखु तामाकोशी गाउँपालिकाका अध्यक्ष गोविन्द बहादुर खड्का, तल्कालिन प्रमुख प्रशासकीय अधिकृत राजु प्रसाद न्यौपाने, टंक प्रसाद चौलागाई लेखापाल दुर्गा बहादुर डिम्दोङ तामाङ, विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. १-५) का अध्यक्ष वेत बहादुर पुँवार, कोषाध्यक्ष ममीता श्रेष्ठ, सचिव सुब्बा थापामगर, विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. ६-९) का अध्यक्ष सुन बहादुर तामाङ, कोषाध्यक्ष करिष्मा परियार, सचिव दल बहादुर तामाङ र विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४, (साविक विजुलीकोट) का अध्यक्ष होम बहादुर महत, कोषाध्यक्ष अनिता श्रेष्ठ र सचिव डिल्ली बहादुर सुनुवार**को मिलेमतोमा आफूहरुलाई गैरकानुनी लाभ पुऱ्याउने र सरकारी रकममा हानिनोक्सानी पुऱ्याउने बदनियतले कार्य अनुभव र कार्यक्षमता नभएका उपभोक्ता समितिहरुसँग विद्युतीकरण जस्तो जटिल प्रकृतिको काम गर्न योजना सम्झौता गरी/गराई शुरु विनियोजित रकमको जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम समावेश नभएको लागत अनुमानहरु स्वीकृत गरी र अन्य विभिन्न शीर्षकको खर्चबाट गरिएको थप विद्युतीकरण कार्यको प्राविधिक लागत अनुमान विना फेज परिवर्तन गराई विना खरिद समिति ट्रान्सफर्मर, ACSR Conductor, पोल जस्ता विशेष महत्वपूर्ण सामग्रीहरु विना कुनै स्पेसिफिकेसन सोझै आपुर्तिकर्ताबाट दररेट पेश गर्न लगाई र सो बाहेकका अन्य सबै विद्युतीकरण सम्बन्धी सामाग्रीहरु सबै उपभोक्ता समितिहरुको लागि विभिन्न फर्महरुको नामबाट कोटेसन लिएको देखाई एउटै व्यक्तिबाट आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढी सामानहरु खरिद ढुवानी गरी गराई त्यस मध्ये कतिपय सामानहरु हिनामिना समेत गरी केही सामानहरु अस्वभाविक रुपमा बढी मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढी खरिद गरी गराई सामान प्राप्ति, खर्च र बाँकीको अभिलेख नराखी उपभोक्ता समितिलाई जिम्मा दिईएको काम मध्येको पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य ठेक्का दिई गर्नु नहुनेमा कानुन विपरीत पाईक कन्स्ट्रक्सन प्रा.लि. सँग सम्झौता गरी कार्य गराई श्रमिक खर्चमा समावेश भएको मुल्य अभिवृद्धि कर समेत उपभोक्ता समितिलाई भुक्तानी दिई/लिई उक्त प्रा.लि.का संचालक अमृत बहादुर तामाङसँगको मिलेमतोमा तार तान्ने ज्यालाको कामको फिल्डमा खुद गरेको काम भन्दा बढी काम गरेको देखाई योजना सम्झौताका शर्तहरु, गाउँ कार्यपालिकाको निर्णय र विद्यमान कानुन विपरीत प्राविधिक मूल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना सामान खरिद ढुवानी र पोल तार जडानको श्रमिक कार्यका बिलहरु मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी लिखु तामाकोशी गाउँपालिका, रामेछाप वडा नं. ५ (साविक नागदह गा.वि.स. वडा नं. १-५ र ६-९) तथा वडा नं. ४ (साविक विजुलीकोट गा.वि.स.) को विद्युतीकरण कार्य गर्दा रु.१,२६,७५,५०३।६२ हिनामिना गरेको ।

साथै आ.व. ०७५/०७६ मा लिखु तामाकोशी गाउँपालिका वडा नं. १ (साविक दुरागाउँ गा.वि.स. १-९) र थप विद्युत प्रसारण योजना, होपिनामा विद्युतीकरण विस्तार कार्य कार्यान्वयन गर्दा **गाउँपालिका अध्यक्ष गोविन्द बहादुर खड्का, तत्कालीन प्रमुख प्रसाशकीय अधिकृत टंक प्रसाद चौलागाई, लेखापाल नोर्बु लामा, विद्युतीकरण उपभोक्ता समिति लिखु**

**तामाकोशी गा.पा.-१ (दुरागाउँ १-३), अध्यक्ष काजीबाबु थापा, कोषाध्यक्ष तारा गुरुङ, सचिव युवराज सुनुवार, विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गा.पा.-१ (दुरागाउँ ४-६) का अध्यक्ष बुद्धि बहादुर तामाङ, कोषाध्यक्ष मेनुका खड्का, सचिव अस्मिन रोक्का विद्युतीकरण उपभोक्ता समिति लिखु तामाकोशी गा.पा.-१ (दुरागाउँ ७-९) का अध्यक्ष प्रचण्ड सुनुवार, कोषाध्यक्ष घण्टिका देवी सुनुवार, सचिव क्याल्बु तामाङ र थप विद्युतीकरण प्रसारण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१, रामेछापका अध्यक्ष अशोक कुमार सुनुवार, कोषाध्यक्ष दिलमाया थापा र सचिव प्रकाश सुनुवारको** मिलमतोमा कार्य अनुभव र कार्यक्षमता नै नभएका उपभोक्ता समितिहरुबाट विद्युतीकरण जस्तो जटिल प्राविधिक कार्य गर्न गराउन सम्झौता गरी/गराई दोस्रो सम्झौता बमोजिमको कामको लागत अनुमानहरु तयार नगरी कानुन विपरीतको समग्र दुरागाउँको विद्युतीकरणका लागि तयार गरेको एकमुष्ट लागत अनुमान कार्यपालिकाबाट स्वीकृत गराई तथा केही विद्युतीकरणको कार्य लागत अनुमान विना सबै उपभोक्ता समितिहरुको लागि सामानहरु लागत अनुमानको मुल्य भन्दा अस्वभाविक रुपमा बढी मुल्य तिरी आवश्यक पर्ने भन्दा अस्वाभाविक रुपमा बढी सामान खरिद ढुवानी गरी/गराई खरिद सामानहरुको प्राप्ती, खर्च, र बाँकीको अभिलेखसमेत नराखी उपभोक्ता समितिहरुले जिम्मा लिएको विद्युतीकरण कार्यको पोल गाड्ने, तार तान्ने जडान समेतको श्रमिक कार्य कानुन विपरीत पाईक कन्स्ट्रक्सन प्रा.लि.सँग सम्झौता गरी कार्य गराई योजना सम्झौताका शर्तहरु, गाउँ कार्यपालिकाको निर्णय र विद्यमान कानुन विपरीत प्राविधिक मूल्याङ्कन प्रतिवेदन, नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन विना सामान खरिद ढुवानी गरेका बिल मात्रको आधारमा जनसहभागिताको अंश र कन्टिन्जेन्सीको रकम कट्टा नगरी भुक्तानी लिने/दिने कार्य गरी लिखु तामाकोशी गाउँपालिका, रामेछाप वडा नं. १ (साविक दुरागाउँ गा.वि.स. वडा नं. १-९) र थप विद्युत प्रसारण योजना होपिनाको विद्युतीकरणको कार्य गर्दा रु.२,९४,२५,२०२।६२ गरी आ.व. ०७४/०७५ र ०७५/०७६ मा गरिएको विद्युतीकरण कार्यमा नियमानुसारको कर कट्टा गरी भुक्तानी भएको रकममध्ये कुल जम्मा रु.४,२१,००,७०६।२४ (चार करोड एक्काईस लाख सात सय छ रुपैया चौबीस पैसा) हिनामिना गरी भ्रष्टाचारजन्य कसुर गरेको देखिन आएकोले देहायबमोजिमका आरोपितहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ को उपदफा १ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय**

| सि.नं | पद, नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | अध्यक्ष गोबिन्द बहादुर खड्का | लिखु तामाकोशी गाउँपालिका, रामेछाप | रु.४,२१,००,७०६।२४ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा १ को देहाय खण्ड (ङ), (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निजउपर सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिइएको छ । |
| २. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत राजु प्रसाद न्यौपाने | लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप | रु.१,१२,८२,१७८।०९ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१) को देहाय खण्ड (ङ), (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निजउपर सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ (१) बमोजिम बिगो असुलउपर हुन मागदावी लिइएको छ । |
| ३. | तत्कालीन लेखापाल दुर्गा बहादुर डिम्दोङ तामाङ | लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप | रु.१,२६,७५,५०३।६२ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा १ को देहाय खण्ड (ङ), (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निजउपर सोही ऐनको दफा ८ को उपदफा १ र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिइएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ४. | अध्यक्ष वेत बहादुर पुँवार, कोषाध्यक्ष ममीता श्रेष्ठ र सचिव सुब्बा थापामगर | विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ (साविक नागदह गा.वि.स. १-५) | रु.३५,०२,६१४।८४ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा ४ को कसुर गरेकोले निजहरु उपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ । |
| ५. | अध्यक्ष सुन बहादुर तामाङ, कोषाध्यक्ष करिष्मा परियार र सचिव दल बहादुर तामाङ | विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी, गा.पा.-५ साविक नागदह गा.वि.स. ६-९ | रु.३७,८६,९०२।६१ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा ४ को कसुर गरेकोले निजहरुउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदावी लिइएको छ । |
| ६. | अध्यक्ष होम बहादुर महत, कोषाध्यक्ष अनिता श्रेष्ठ र सचिव डिल्ली बहादुर सुनुवार | विद्युतीकरण उपभोक्ता समिति, लिखु गा.पा.-४, साविक विजुलीकोट | रु.४२,५३,३८२।२८ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा ४ को कसुर गरेकोले निजहरुउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगोबमोजिम जरिवाना गरी बिगो समेत जफत हुन मागदावी लिइएको छ । |
| ७. | संचालक अमृत बहादुर तामाङ (रुम्बा) | पाइक कन्स्ट्रक्सन प्रा.लि. महाराजगञ्ज, काठमाडौं | रु.४२,३५,६८६।४७ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र ऐ ऐनको दफा ८(१) देहाय (ङ) तथा ऐ ऐनको दफा ८(४) को कसुरको मतियार भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेकोले निजउपर सोही ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय बराबर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) तथा दफा ८ को उपदफा (४) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुलउपर समेत हुन मागदाबी लिइएको छ । |
| ८. | अध्यक्ष काजीबाबु थापा, कोषाध्यक्ष तारा गुरुङ र सचिव युवराज सुनुवार | विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ (साविक दुरागाउँ गा.वि.स. १-३) | रु.१,०२,५१,९९५।९९ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निजहरुउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगोबमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ । |
| ९. | अध्यक्ष बुद्धि बहादुर तामाङ, कोषाध्यक्ष मेनुका खड्का र सचिव अस्मिन रोका | विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ (साविक दुरागाउँ गा.वि.स. ४-६) | रु.८४,९१,६०८।५८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निजहरु उपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगोबमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ । |
| १०. | अध्यक्ष प्रचण्ड सुनुवार, कोषाध्यक्ष घन्टिका देवी सुनुवार र सचिव क्याल्बु | विद्युतीकरण उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ (साविक | रु.३२,२९,७३८।६१ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निजहरुउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन |

| | | | | |
|---|---|---|---|---|
| | तामाङ | दुरागाउँ गा.वि.स. ७-९) | | मागदाबी लिने । साथै प्रतिवादी क्याल्बु तामाङको मृत्यु भईसकेको भन्ने अनुसन्धानबाट खुलेको हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरेको देखिएकोमा निजलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय हुने भएतापनि अपराधीसंगै अपराध मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ र १५८ समेतको कानुनी व्यवस्थाबमोजिम निजलाई कैद र जरिवानाको सजाय हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ र १५८ बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले निजसमेतले हिनामिना गरेको रकम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम बिगो जफत गर्ने प्रयोजनका लागि प्रतिवादी कायम गरी मागदाबी लिइएको छ । |
| ११. | अध्यक्ष अशोक कुमार सुनुवार, कोषाध्यक्ष दिलमाया थापा र सचिव प्रकाश सुनुवार | थप विद्युत प्रसारण योजना उपभोक्ता समिति, लिखु तामाकोशी गा.पा.-१ | रु.६६,७०,७०८।९६ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निजहरुउपर सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा बिगोबमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ । |
| १२. | तत्कालीन लेखापाल नोर्बु लामा | लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार | रु.२,९४,२५,२०२।६२ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१) को देहाय खण्ड (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निजउपर सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिइएको छ । |
| १३. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत टंक प्रसाद चौलागाई | लिखु तामाकोशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, धोबी बजार | रु.३,०८,१८,५२८।१५ | भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१) को देहाय खण्ड (च) र (ञ) र दफा ८ को उपदफा (३) को कसुर गरेकोले निजउपर सोही ऐनको दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (३) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर हुन मागदावी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी